आज मिति २०८१/०६/१७ गते बिहिबारका दिन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ को व्यवस्था अनुसार जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को बैठक समितिका अध्यक्ष प्रमुख जिल्ला अधिकारी श्री मीना अर्यालज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसी देहाय अनुसारको निर्णय गरियो।

विशेष उपस्थिति:

श्री गुमान सिं ईस्बो, समन्वय प्रमुख, जिल्ला समन्वय समितिको कार्यालय, तेह्रथुम

उपस्थिति:

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा | पद |
|---|---|---|---|---|
| | श्री मीना अर्याल | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | प्र.जि.अ. | अध्यक्ष |
| | श्री सञ्जय कुमार तुम्बाहाङ्फे | म्याङलुङ नगरपालिका | नगर प्रमुख | सदस्य |
| | जमुना मगर कार्की | लालीगुराँस नगरपालिका | | सदस्य |
| | श्री उदय राज लिम्बु | नेपाली काङ्ग्रेस, तेह्रथुम | प्रतिनिधि | सदस्य |
| | श्री शिव ढुंगाना | नेकपा एमाले, तेह्रथुम | सचिव | सदस्य |
| | श्री नारायण श्रेष्ठ | नेकपा माओवादी केन्द्र, तेह्रथुम | जि.का. स. | सदस्य |
| | श्री योगेन्द्र गड्तौला | नेकपा एकीकृत समाजवादीं, तेह्रथुम | अध्यक्ष | सदस्य |
| | श्री प्रधुम्न कार्की | नेपाली सेना म्याङलुङ ब्यारेक, शत्रुमर्दन गुल्म | सेनानी | सदस्य |
| | श्री किरण प्रकाश खत्री | सशस्त्र प्रहरी बल नेपाल, नं. ३ गुल्म हे.क्वा. | स.प्र.ना.उ. | सदस्य |
| | श्री सविना राई | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, तेह्रथुम | प्र.अ.अ. | सदस्य |
| | श्री प्रमोद खड्का | जिल्ला प्रहरी कार्यालय | प्र.नि. | सदस्य |

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा | पद |
|---|---|---|---|---|
| | श्री लोकनाथ ढुंगाना | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | का.प्र. | सदस्य |
| | श्री तारा श्रेष्ठ | तेह्रथुम उद्योग वाणिज्य संघ, तेह्रथुम | वरिष्ठ उपाध्यक्ष | सदस्य |
| | श्री श्रीकृष्ण दाहाल | नेपाल रेडक्रस सोसाईटी, तेह्रथुम | सभापती | सदस्य |
| | श्री ठाकुर प्रसाद सेने लिम्बु | नेपाल पत्रकार महासंघ, तेह्रथुम | उपाध्यक्ष | सदस्य |
| | श्री श्याम कुमार .कठायत | नेपाल टेलिकम | का.प्र. | सदस्य |
| | श्री प्रतिस ढकाल | नेपाल विद्युत प्राधिकरण, तेह्रथुम | का.प्र. | सदस्य |
| | श्री युवराज चौधरी | जलस्रोत तथा सिँचाई विकास डिभिजन, तेह्रथुम | अ.छै. | सदस्य |
| | श्री बद्रीकला राई | कृषि ज्ञान केन्द्र, तेह्रथुम | अ.छै. | सदस्य |
| | भगिश्वर लिम्बु | रेडियो मेन्छ्यायेम | स्टेसन म्यानेजर | सद्स्य |
| | श्री कृष्ण विदुखी | टी.टी.एम अनलाईन | पत्रकार | सदस्य |
| | श्री बविता राई | तीनजुरे टाइम्स | प्रमुख | सदस्य |
| | श्री बिक्रम लिम्बु | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | स.प्र.जि.अ. | सदस्य सचिव |
| | श्री राम प्रसाद भट्टराई | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | ना.सु. | |
| | श्री सुशिल पाण्डे | जिल्ला प्रशासन कार्यालय तेह्रथुम | क.अ. | |
| | | | | |
| | | | | |

निर्णयहरू:

१. २०८१/०६/०९ देखी १३ गतेसम्म भएको अविरल वर्षाका कारण आएको बाढी पहिरोमा परी ज्यान गुमाएका सम्पूर्ण मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्ने, साथै घाइते भएका नागरिकहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने।

२. आगामी दिनहरूमा पनि निरन्तर वर्षा हुने देखिएको, अहिले जमिन कमजोर भएकाले सानो वा मध्यम वर्षाबाट पनि ठुलो धनजनको क्षति हुन सक्ने देखिएकाले मौषममा सुधार नभएसम्म जिल्लाभित्र रातको समयमा अत्यावश्यक काममा बाहेक सवारी साधन सञ्चालन नगर्न सम्पूर्णलाई सचेत गराउने।

३. तीनै तहका सरकार, संघ/संस्था, मिडिया सबैले आ-आफ्नो तर्फबाट जोखिमपूर्ण यात्रा नगर्न, जो जहाँ छ त्यहिँ सुरक्षित रहन व्यापक सूचना सम्प्रेषण गर्ने।

४. सबै स्थानीय तहहरूले आ-आफ्नो क्षेत्रमा पहिरोबाट अवरुद्ध सडक तत्कालै खुलाई सूचारु राख्ने। साथै उक्त कार्यमा थप सहजता र प्रभावकारिताको लागि जिल्ला प्रशासन कार्यालयले पनि कम्तिमा २ वटा जे.सि.बि. र ४ वटा हलुका सवारी साधनको व्यवस्थापन गर्ने। सो को आर्थिक व्ययभार स्थानीय तहले मिलाउने।

५. जिल्ला अस्पताल तेह्रथुम लगायत जिल्लास्थित सबै अस्पताल तथा स्वास्थ्य केन्द्रले विपद्मा परेका व्यक्तिलाई विशेष प्राथमिकताका साथ नि:शुल्क स्वास्थ्य उपचार प्रदान गर्ने। साथै जिल्ला अस्पतालमा कम्तीमा २ जना स्वास्थ्यकर्मीहरूलाई विपद् पीडितको उपचारका लागि तयारी अवस्थामा रहने व्यवस्था मिलाउने।

६. कृषि ज्ञान केन्द्र, तेह्रथुमले स्थानीय तह/वडा कार्यालयहरू र प्रहरी चौकी लगायतका निकायहरूसँग समन्वय गरी ६ दिनभित्र (असोज २२ भित्र) बाली तथा अन्नपातमा भएको क्षतिको स्पष्ट र भरपर्दो विवरण जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराउने, साथै पशु चौपाया क्षतिको विवरण भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र तेह्रथुमले उपलब्ध गराउने।

७. यस जिल्लामा पनि असोज ९ देखी १३ सम्म भएको अविरल वर्षाका कारण दर्जनौं घर/गोठ, सडक, सिंचाई कुलो लगायतका पूर्वाधारमा क्षति पुगेको। हालसम्म प्राप्त क्षतिको विवरण सहित २३ जनाको घरमा पुगेको आंशिक/पूर्ण क्षति र आवश्यक व्यवस्थापन तथा पुनर्निर्माणका लागि गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) र आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेशमा पठाउने।

८. हेलिकोप्टरबाट विपद् पीडितलाई उद्दार गर्नुपर्ने अवस्था आइपरेमा नेपाली सेनाले पहलकदमी लिने।

९. पहिरोको कारण सडक अवरुद्ध भई दैनिक उपभोग्य वस्तु/खाद्यान्न अभाव हुन नदिन तेह्रथुम उद्योग वाणिज्य संघले कम्तिमा ३ महिना पुग्ने गरी दैनिक उपभोग्य वस्तु भण्डारणको व्यवस्था मिलाउने।

१०. तीनै तहका सरकार मातहतका कार्यालयमा कार्यरत कार्यालय प्रमुख तथा कर्मचारीले विपद्को समयमा विशेष परिस्थिति मा बाहेक जिल्ला नछाड्ने। कार्यालय छाड्नु पर्ने परिस्थिति परेमा जिल्ला प्रशासन कार्यालय बाट अनुमती लिने।

११. वर्षात पश्चात सडक, पुल, सिंचाई लगायतका भौतिक संरचना/अन्य सार्वजनिक सम्पत्तिको मर्मत सम्भार तथा पुनर्निर्माण सम्बन्धित सरकार/निकायले प्राथमिकताका साथ गर्ने।

१२. सरस्वती माध्यमिक विद्यालय, म्याङलुङ-१० तेह्रथुमको च.नं. ४७ मिति २०८१/०६/१६ को पत्रबाट उक्त विद्यालयको भवन चर्की कक्षा सञ्चालन गर्न नसकिने भएकाले पुनर्निर्माणका लागि आवश्यक सहयोग गरिदिन अनुरोध भई आएकोमा आवश्यक बजेटका लागि सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा पत्राचार गर्ने।

१३. श्री जालपा देवी आधारभूत विद्यालय, फेदाप-४ तेह्रथुमको च.नं. ०३ मिति २०८१/०५/०७ को पत्र र फेदाप गाउँपालिकाको च.नं. २६२ मिति २०८१/०५/०९ को पत्रबाट पहिरो गई उक्त विद्यालयको भवन क्षति भएकोले आवश्यक सहयोगका लागि जिल्ला प्रशासन कार्यालय, तेह्रथुममा पत्राचार भई आएकोमा आवश्यक सहयोगका लागि सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश विराटनगरमा पत्राचार गरिएको विषयलाई अनुमोदन गर्ने।

१४. विपद् प्रभावित निजी आवास पुनर्निर्माण अन्तर्गतका लाभग्राहीहरूले प्राप्त गर्ने अनुदान हालसम्म पनि संघ र प्रदेश सरकारबाट प्राप्त नभएका कारण विपद् पीडित नागरिकहरूमा गम्भीर समस्या उत्पन्न भएको हुँदा तत्काल अनुदान प्रदान गर्ने कार्यको लागि संघ र प्रदेश सरकारलाई ताकेता गर्ने।

१५. जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय र स्थानीय सरकारबाट घटनास्थलमा गई भएका तत्कालीन राहत वितरण कार्यको लागि धन्यवाद दिने, जिल्लामा रहेका सबै खाले मिडियाले विपद् व्यवस्थापनमा खेलेको सकारात्मक भूमिकाको लागि धन्यवाद दिने।

१६. जिल्लाभित्र प्रशासन, सुरक्षा निकाय, स्थानीय तह, मिडिया लगायत अन्य निकाय/संघ-संस्थाबीच भएको सहकार्य र समन्वयको कारण कुनै मानवीय क्षति नहुनु, समन्वय, सहकार्य र स्थानीय सरकारको सक्रियताका कारण सडकमा पहिरोको कारण भएका अवरोध तत्कालै हटाई सडक तत्काले सूचारु गरिएको अवस्था सुखद् र उदाहरणीय रहेको समीक्षा गरियो।